# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०८।२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

अछाम जिल्ला तत्कालिन कालागाउँ गा.वि.स. वार्ड नं. ३ मा अवस्थित अन्नपूर्ण उच्च माध्यमिक विद्यालयमा जिल्ला शिक्षा कार्यालय अछामबाट आ.व. २०६८/०६९ मा विज्ञान भवन निर्माण तथा शौचालय निर्माणका लागि अनुदान स्वरुप प्राप्त रकममा गुणस्तरहीन कार्य गरी आर्थिक अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी एवम् निवेदनको सम्बन्धमा अनुसन्धान हुँदा ठेकेदार मन्जित सिंह रावलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको पुष्टी हुन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको जरिवाना एवं कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै तत्कालीन जिल्ला शिक्षा कार्यालय अछामका सव-इन्जिनियर संतोष राज पाण्डे, तत्कालीन जिल्ला शिक्षा अधिकारी जवाहरलाल हमाल, हाल जिल्ला शिक्षा कार्यालय अछाममा कार्यरत सव-इन्जिनियर हेमराज जोशी, तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बल बहादुर सोडारी तथा प्र.अ. कृष्ण बहादुर रावलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निज संतोष राज पाण्डे, जवाहरलाल हमाल, हेमराज जोशी, बल बहादुर सोडारी तथा कृष्ण बहादुर रावलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिमको जरिवाना एवं कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता